# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## यसोधरा गाउँपालिका
कपिलवस्तु




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## यसोधरा गाउँपालिका

कपिलवस्तु



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १०३ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
यशोधरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कपिलवस्तु ।

**कैफियत सहितको राय**

हामीले यशोधरा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.३ करोड २९ लाख ५६ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२० लाख ९८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१करोड ५७ लाख ९० हजार, नियमित गर्नुपर्ने रु.१करोड ४१ लाख ३८ हजार र पेश्की रू.९ लाख ३० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.७ करोड ९५ लाख ६४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.११ करोड १९ लाख ७८ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

यशोधरा गाउँपालिका, कपिलवस्तु

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६९ | ३७ | ३२९५६ | ० | ० | ० | ६९ | ३७ | ३२९५६ | २०९८ | १४१३८ | १५७९० | ० | ० | २९९२८ | ९३० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | प्रतिक्रियाबाट दफा फस्यौंट नभएको | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| यशोधरा गाउँपालिका कपिलवस्तु | ७९५६४ | ० | ५४२ | ७९०२२ | ० | ३२९५६ | १११९७८ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : यशोधरा गाउँपालिका, कपिलवस्तु , यशोधरा गाउँपालिका , कपिलवस्तु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | तेज बहादुर सिंह | २०७८-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | निराजन राज लम्साल | २०७८-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३२,९५५,९३८.६१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १५,२६,३५,६४६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,०३,०४,००० | **चालु खर्च** | ३७,२५,३८,९१९ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५६,५२,९९९ | **पूँजीगत खर्च** | १०,४४,१८,२२६ |
| **राजश्व बाँडफाँट** | ९,५२,९७,६८० | **वित्तीय/अन्य व्यवस्था** | २१,०९,२५,१२७ |
| **आन्तरिक आय** | १,३०,२१,६९८ | | |
| **अन्य आय** | १८,४८,८२,७८० | | |
| **कुल आय** | ६५,९१,५९,१५७ | **कुल खर्च** | ६८,७८,८२,२७२ |
| **बाँकी मौज्दात** | | १२,३९,१२,५३१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस यशोधरा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यशोधरा गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४१ सभा सदस्य, ६७.५६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३८९५२ जनसंख्या रहेको छ । | |
| ३ | | | **लेखापरीक्षणको उद्देश्य**<br><br>स्थानीय तहको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ । वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मानदण्ड, व्यवस्थापन प्रतिनिधित्वपत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । | |
| ४ | | | **वित्तीय व्यस्था**<br><br>**यस वर्ष नगरपालिकाको सुत्र (SuTRA) को २७२ बाट देखिएको आय व्यय र बाँकीको विवरण यस प्रकार छ ।** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्राप्ती भुक्तानी हिसाव (तल तालिका) | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४८,५४,४५,२०९.०० | ४७,६०,८०,६०४.०७ | | ४७,६०,८०,६०४.०७ | ४७,२५,७७,५०३.९८ | | ४७,२५,७७,५०३.९८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४७,१५,२०,७५५.०० | ४७,४२,७६,३७८.५५ | ०.०० | ४७,४२,७६,३७८.५५ | ४६,९१,४७,३९९.२९ | ०.०० | ४६,९१,४७,३९९.२९ |
| ११००० कर | ११ | ९,४८,६३,७५५.०० | ९,६१,९४,४०७.६६ | ०.०० | ९,६१,९४,४०७.६६ | ८,४८,१७,१५०.६८ | ०.०० | ८,४८,१७,१५०.६८ |
| १३००० अनुदान | | ३६,६८,५७,०००.०० | ३६,५९,५७,०००.०० | ०.०० | ३६,५९,५७,०००.०० | ३७,६३,४८,६२०.०० | ०.०० | ३७,६३,४८,६२०.०० |
| संघीय सरकार | १२ | ३३,१२,०४,०००.०० | ३३,०३,०४,०००.०० | ०.०० | ३३,०३,०४,०००.०० | ३३,६९,५६,६२०.०० | ०.०० | ३३,६९,५६,६२०.०० |
| प्रदेश सरकार | १२ | ३,५६,५३,०००.०० | ३,५६,५३,०००.०० | ०.०० | ३,५६,५३,०००.०० | ३,९३,९२,०००.०० | ०.०० | ३,९३,९२,०००.०० |
| १४००० अन्य राजस्व | | ९८,००,०००.०० | १,२१,२४,९७०.८९ | ०.०० | १,२१,२४,९७०.८९ | ७९,६४,४०८.६१ | ०.०० | ७९,६४,४०८.६१ |
| १५००० विविध प्राप्ति | | ०.०० | ०.०० | ०.०० | ०.०० | १७,२२०.०० | ०.०० | १७,२२०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ख. अन्य प्राप्ति | | १,३९,२४,४५४.०० | १८,०४,२२५.५२ | | १८,०४,२२५.५२ | ३४,३०,१०४.६९ | | ३४,३०,१०४.६९ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| | | | कोषहरु | | १,३९,२४,४५४.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| | | | धरौटी | | ०.०० | १८,०४,२२५.५२ | ०.०० | १८,०४,२२५.५२ | ३४,३०,१०४.६९ | ०.०० | ३४,३०,१०४.६९ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| | | | भुक्तानी (ग+घ) | | ६३,८०,८०,८५४.७३ | ४८,३३,१७,५२६.३४ | | ४८,३३,१७,५२६.३४ | ५१,०१,११,०७६.४६ | | ५१,०१,११,०७६.४६ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६२,४१,५६,४००.७३ | ४७,६९,५७,१४४.५६ | | ४७,६९,५७,१४४.५६ | ५०,८५,२५,०९९.४६ | | ५०,८५,२५,०९९.४६ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १२,८७,६७,०००.०० | १०,८४,०८,७०२.६२ | ०.०० | १०,८४,०८,७०२.६२ | ५,२०,६७,९१५.७० | ०.०० | ५,२०,६७,९१५.७० | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ३२,९८,३३,३५१.७३ | २५,५०,८३,७२९.२३ | ०.०० | २५,५०,८३,७२९.२३ | २९,६५,२०,३३०.१२ | ०.०० | २९,६५,२०,३३०.१२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | १८ | ८,०१,०००.०० | ७,८६,९८७.०० | ०.०० | ७,८६,९८७.०० | ५,४२,८६४.०० | ०.०० | ५,४२,८६४.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ६९,२०,०००.०० | ६८,४०,०००.०० | ०.०० | ६८,४०,०००.०० | ३,१०,०००.०० | ०.०० | ३,१०,०००.०० |
| २८००० अन्य खर्च | १८ | २५,५०,०००.०० | १४,१९,५००.०० | ०.०० | १४,१९,५००.०० | १३,४९,४८३.०० | ०.०० | १३,४९,४८३.०० |
| ३१००० गैर वित्तीय सम्पती / पूँजीगत खर्च | १८ | १५,५२,८५,०४९.०० | १०,४४,१८,२२५.७१ | ०.०० | १०,४४,१८,२२५.७१ | १५,७७,३४,५०६.६४ | ०.०० | १५,७७,३४,५०६.६४ |
| घ. अन्य भूक्तानी | | १,३९,२४,४५४.०० | ६३,६०,३८१.७८ | | ६३,६०,३८१.७८ | ५१,०१,११,०७६.४६ | | ५१,०१,११,०७६.४६ |
| कोषहरु | | १,३९,२४,४५४.०० | ४६,५०,७७१.०० | ०.०० | ४६,५०,७७१.०० | ०.०० | ०.०० | ०.०० |
| धरौटी | | ०.०० | १८,४७,०१५.५८ | ०.०० | १८,४७,०१५.५८ | १५,८५,९७७.०० | ०.०० | १५,८५,९७७.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१,३७,४०४.८०) | | (१,३७,४०४.८०) | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | | (१५,२६,३५,६४५.७३) | (७२,३६,९२२.२७) | | (७२,३६,९२२.२७) | (३,७५,३३,५७२.४८) | | (३,७५,३३,५७२.४८) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १६,९२,५१,६६६.५४ | | १६,९२,५१,६६६.५४ | २०,२५,४२,२८८.८० | | २०,२५,४२,२८८.८० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१५,२६,३५,६४५.७३) | १६,२०,१४,७४४.२७ | | १६,२०,१४,७४४.२७ | १६,५०,०८,७१६.३२ | | १६,५०,०८,७१६.३२ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १६,२०,१४,७४४.२७ | | १६,२०,१४,७४४.२७ | १३,८९,५९,७७०.३२ | | १३,८९,५९,७७०.३२ |

**स्थानीय संञ्चित कोषः स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः**

स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिकाको सम्पूेण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट C-GAS मार्फत हुन निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेको देहाय अनसुार सत्रु र एकीकृत विवरणमा फरक परेको छ ।

| विवरण | म.ले.प.फा.नं. २७२ | एकीकृत आय व्यय विवरण | फरक |
|---|---|---|---|
| गत वर्षको अल्या | १६९२५१६६६.५४ | १५२६३५६४६ | 16616020.54 |
| यस वर्षको आम्दानी | ४७६०८०६०४.०७ | ६५९१५९१५८ | -183078553.93 |
| यस वर्षको खर्च रकम | ४८३३१७५२६.३४ | ६८७८८२२७२. | -204564745.66 |
| बाँकी मौज्दात | १६२०१४७४४.२७ | १२३९१२५३१. | 38102213.27 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | असार मसान्तमा म.ले.प.फा.नं. २७२ र एकीकृत आय व्यय विवरणमा रु ३८१२२१३्।२७ फरक परेको छ । पालिकाले असार अन्तममा सशर्त तफको खर्च खाताबाट रू. ३९०७२६४७.४९ फिर्ता गरी संचित कोषमा आम्दानी जनाएको तर अनुदान फिर्ता नदेखाएको कारण फरक परेको छ ।<br><br>स्थानीय तहले प्रयोगमा ल्याएको लेखा प्रणाली सुत्रबाट सृजना भएको म.ले.प.फा.नं. २७२ ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । सबै आय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नु पर्दछ ।<br><br>**लेखापरीक्षणको क्रममा असुलीः बढी भुक्तानी भएको छात्रवृत्ती रकम रु . ९११२६० लेखापरीक्षणको क्रममा असुली भएको छ ।** | |
| ४ | | | **गैरसरकारी संस्थाबाट कार्यक्रमः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यक्ता , किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटमोटी अनुमान तयार गर्नु पर्दछ र रु १० लाख सम्म कार्य गराउनको लागि त्यस्तो काम गर्ने उदेश्य राखी प्रचलित कानुन वमोजिम दर्ता भएका र मोजुदा सुचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा १५ दिनको अवधि दिई सुचना प्रकाशन गरी प्रस्ताव माग गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले नियममा भएको उल्लिखित व्यवस्था पालना नगरी चालु आर्थिक वर्ष १७ वटा गैरसरकारी संस्थालाई देहाय अनुसारको कार्यक्रममा कुल रु २०५३३७७।०० भुक्तानी दिएको नियम संगत देखिएन । | २,०५३,३७७ |

| क्र.सं. | कार्यक्रमको नाम | संचालन गर्ने संस्था÷व्यक्ति | बजेट रकम | खर्च रकम |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | अपाङ्गलक्षित कार्यक्रम | समावेशी अपाङ्गता विकास केन्द्र, बैदाली | 100000 | 99000 | |
| | | | २ | दलित तथा पिछडा वर्ग लक्षित कार्यक्रम | बुद्ध समाज विकास संस्था, सोमडिह | 100000 | 100000 | |
| | | | ३ | मुस्लिम लक्षित कार्यक्रम | अल हेरा मुस्लिम समाज, तौलिहवा, नेपाल सामाजिक विकास संस्था, कपिलवस्तु | 100000 | 100000 | |
| | | | ४ | युवा लक्षित कार्यक्रम | सरल नेपाल, गोटिहवा | 200000 | 190800 | |
| | | | ५ | लागु पदार्थ तथा दुव्यसन सम्बन्धी कार्यक्रम | सञ्जिवनी नेपाल, तौलिहवा | 150000 | 150000 | |
| | | | ६ | व्यूटी पार्लर तालिम | सरल नेपाल, गोटिहवा | 200000 | 200000 | |
| | | | ७ | बाल अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम | अंशु सिलाई केन्द्र, तौलिहवा र प्रेरणा सामुदायिक विकास केन्द्र, तितिर्खी | 100000 | 100000 | |
| | | | ८ | च्याउ खेती सम्बन्धी तालिम | जय नेपाल कृषि संस्था, हरनामपुर | 74500 | 74500 | |
| | | | ९ | मुस्लिम वर्गको चेतनामूलक तालिम | नेपाल सामाजिक विकास संस्था, कपिलवस्तु | 50000 | 48500 | |
| | | | १० | आपाङ्ग भएको व्यक्तिलाई व्यवसायमूलक तालिम | प्रेरणा सामुदायिक विकास केन्द्र, तितिर्खी | 25000 | 25000 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११</td><td>जेष्ठ नागरिक, एकल महिला , विधवा , असहायहरुको सम्मान कार्यक्रम</td><td>प्रेरणा सामुदायिक विकास केन्द्र, तितिर्खी</td><td>50000</td><td>50000</td></tr>
<tr><td>१२</td><td>दलित वर्गहरुको चेतनामुलक तालिम</td><td>प्रेरणा सामुदायिक विकास केन्द्र, तितिर्खी</td><td>50000</td><td>50000</td></tr>
<tr><td>१३</td><td>महिलाहरुलाई सिलाई कटाई तालिम</td><td>नेपाल सामाजिक विकास संस्था, कपिलवस्तु</td><td>100000</td><td>100000</td></tr>
<tr><td>१४</td><td>कुसन गुडिया बनाउने सिपमूलक तालिम</td><td>कपिलवस्तु कम्प्युटर एण्ड टेक्निकल इन्स्टिच्युट, मर्यादपुर</td><td>250000</td><td>250000</td></tr>
<tr><td>१५</td><td>फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रमक</td><td>कपिलवस्तु कम्प्युटर एण्ड टेक्निकल इन्स्टिच्युट, मर्यादपुर</td><td>220000</td><td>220000</td></tr>
<tr><td>१६</td><td>स्वास्थ्य शिविर</td><td>द गुरुकुल कम्प्युटर एकेडेमी, महाराजगंज</td><td>150000</td><td>147455</td></tr>
<tr><td>१७</td><td>आँखा शिविर</td><td>विकासशील युवा क्लब, सोमडिह</td><td>150000</td><td>148122</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२०५३३७७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदाय सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ६ | | | **प्रोत्साहन भत्ता**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने र दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कानून बनाएर मात्र यस्तो खर्च गर्नु पर्दछ । पालिकामा कर्मचारीको अभाव रहेको कारण आवश्यकताको आधारमा कर्मचारी खटाई कार्यपालिकाको निर्णय अनुसार प्रोसाहन सुविधा दिएको भन्ने पालिकको भनाइ रहेको भए पनि यस्तो खर्च अनियमित देखिएको रू. | ३,१२८,५४९ |
| ७ | | | **आर्थिक सहायता** | |
| ७.१ | | | आर्थिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष कार्यविधि नवानाइ १४० जनालाइ रु. | १,८०१,७९८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १३२६७९८।- आर्थिक सहायता र ४ वटा संस्थालाइ रु ४७५००० अनुदान वितरण गरेको छ। यस्तो खर्चलाइ नियमित मान्न सकिएन । | |
| ७.२ | | | विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.३९०५७३०।- खर्च गरेको छ । | |
| ८ | | | **वित्तीय विवरण तर्फ**<br><br>वित्तीय विवरण- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br><br>स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र स्रेस्ताको मौज्दात रू १३९६९७० ले फरक देखिएको छ । गाउँपालिकाले बैंक समायोजन हिसाब तयार गरी चेक साट्न वाँकी रहेको विवरणा तयार गरी हिसाब फरक परेको कारण पेश गरेको छ ।<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश भएन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ९ | | | **नाफामूलक संस्थालाई अनुदान**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निःशुल्क वा न्यून शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले साझा न्यूज पत्रिकाको कार्यालय निर्माणको लागि रु. १४४४८९।- अनुदान उपलब्ध गराएको छ।तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रबाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । | |
| १० | | | **विद्यालय अनुदान** | |
| १०.१ | | | बढी भत्ता भक्तानी - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा प्राविधिक धारका प्रशिक्षकलाई मात्र प्राविधिक भता रु.३००० का दरले १० महिनाको उपलब्ध | १२,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गराउने व्यवस्था छ ।अनिरुद्ध पब्लिक माध्यमिक विद्यालयका प्राविधिक धार शिक्षक प्रिति गुप्तालाई रु.३००० का दरले ४ महिनाको भता उपलब्ध गराएको निजबाट असुल हुनुपर्ने रु. | |
| १०.२ | | | ICT अनुदानः- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च गर्दा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्ने वा भुक्तानी दिन आवश्यक वील, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा सम्लग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्दछ।गाउँपालिकाले भौ.नं. २४१-०७९।३।२१ बाट श्री कृष्ण धार्मिक माध्यमिक विद्यालयलाई कार्यान्वयन पुस्तिकाको निर्देशानुसार शिक्षण सिकाइमा स्तरवृद्धिको लागि ICT बापत रु.६५०००० अनुदान निकासा दिएकोमा विद्यालयले उक्त कार्यक्रम नै गरेको पाइएन ।तसर्थ निकासा दिएको रकम सम्बन्धित कार्यक्रममा खर्च नभएकोले अनुदान बापतको रकम श्री कृष्ण धार्मिक मा.वि. बाट असुल गर्नुपर्ने रु. | ६५०,००० |
| १०.३ | | | दिवा खाजाः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.११.१ को बुँदा नं. ७.१ मा दिवा खाजा अनुदान रकम निकासा विद्यालयको सक्कल विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्र.अ. र विव्यस बाट प्रमाणित गराई स्थानिय तहमा संकलन गरी वास्तविक संख्या यकिन भए पश्चात मात्र रकम निकासा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले भौ.नं.१३०-०७८।१२।२९ बाट रु.१७५०३३९ , भौ. नं. २१५-०७९।३।१३ बाट रु.२०४४१८५ र भौ. नं. २२६-०७९।३।१६ बाट रु.५४०७५ गरी २१ वटा विद्यालयको दिवा खाजाका लागि कुल रु. ३८४८५९९ निकासा दिएकोमा देहायका व्यहोरा देखियोः-<br><br>(क) विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ को दफा ९ र कार्यक्रम कार्यान्वयन पुस्तिकाको अनुसुचि ४ को दिवा खाजा सम्बन्धि मापदण्ड र व्यवस्थापन अनुसार विद्यालयमा खुवाइने दिवा खाजा पुस्तकमा उल्लेख भएनुसार तोकिएको क्यालोरी पुरा गरी खाजा खुवाउनुपर्ने व्यवस्था छ ।उक्त म्यानुअल विपरित विद्यालयहरुले खाजा नखुवाई अभिभावकलाई भरपाईको आधारमा नगद नै वितरण गरेको पाइयो ।यसरी नेपाल सरकारले दिवा खाजाको माध्यमबाट विद्यालयमा विद्यार्थी उपस्थिति संख्या बढाउने लिएको लक्ष्य पुरा नहुने देखिन्छ । गाउँपालिकाले खाजा खुवाउने विद्यालयलाई मात्र दिवा खाजा रकम निकासा दिनुपर्दछ।दिवा खाजाको माध्यमले विद्यालयमा विद्यार्थीको उपस्थितिलाई समेत निरन्तरता दिन पनि कार्यान्वयन पुस्तिका र दिवा खाजा व्यवस्थान पुस्तिकाको पालना हुनुपर्दछ । | ३,८४८,५९९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (ख) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च गर्दा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक वील, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा सम्लग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्दछ। विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ को दफा ५(क),(ख) र कार्याक्रम कार्यान्वयन पुस्तिकाको निर्देशानुसार विद्यालय व्यवस्थापन समिति र प्रधानध्यापकबाट प्रमाणित गराउनुका साथै विद्यालयहरुद्बारा पेश भएको विद्यार्थी दैनिक हाजिरीको सक्कल विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि प्रमाणित गराएर पेश हुनुपर्नेमा सो नभएकोले विद्यार्थीको वास्तविक उपस्थितिको आधारमा दिवा खाजा रकम निकासा भएको प्रमाणित नभएको रु. | |
| ११ | | | **बजेट तथा कार्यक्रम** | |
| ११.१ | | | क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३०८८९००० | २२५९१७७३ | ४.६६% |
| सामाजिक विकास | २६५९२८२०० | २०८९१११३३.२ | ५४.८६% |
| पूर्वाधार विकास | १३२४९९८१३ | ८५९६७२५०.६५ | २७.३३% |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८६३४६२८० | ८०३६८८१५.९७ | १७.८१% |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१०८४९३१०७.७३</td><td>४७६९५७१४४.५६</td><td>२.१६%</td></tr>
<tr><td>जम्मा</td><td>४८४७७४२९३</td><td></td><td>१००</td></tr>
</table>
उपरोक्त विवरणअनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ५४.१६ प्रतिशत र सबै भन्दा घटी वित्तीय व्यवस्थापन र सुशासनमा २.८६ प्रतिशत बजेट विनियोजन गरेको छ।
</td><td></td></tr>
<tr><td>११.२</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११.३</td><td></td><td></td><td>योजना छनोट र कार्यान्वयन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनोट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक गाउँ विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । (रकम रू. हजारमा)
<table>
<tr><td>विवरण</td><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>योजना संख्या</td><td>५६</td><td>३९</td><td>५५</td><td>२४</td><td>१०</td><td>१८४</td></tr>
<tr><td>जम्मा रकम</td><td>३५२२</td><td>८१६४</td><td>२२८५५</td><td>१६५६५</td><td>६१७८२</td><td>११२८८४</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. एक लाख देखि १० लाख माथिका समेत जम्मा १८४ वटा योजना संचालन गरेकोमा रू. १ लाख भन्दा मुनिका मात्र ५६ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>११.४</td><td></td><td></td><td>
त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु. १० करोड ४४ लाख १८ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ३२ लाख २१ हजार अर्थात ३.०८ प्रतिशत, दोस्रो त्रैमासिकमा रु १ करोड ९६लाख ३१ हजार अर्थात १८.८ प्रतिशत तेस्रो त्रैमासिकमा रु. १ करोड अर्थात ९.५८ प्रतिशत र चौथो त्रैमासिकमा रु.७ करोड १५ लाख ६५ हजार अर्थात ६९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. ५ करोड ३४ लाख ३६ हजार अर्थात ५१.१८ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।
<table>
<tr><td rowspan="2">क्र.स.</td><td rowspan="2">बजेट उपशिर्षक</td><td rowspan="2">कुल खर्च</td><td></td><td colspan="4">त्रैमासिक खर्च</td></tr>
<tr><td>प्रथम त्रैमासिक</td><td>दोस्रो त्रैमासिक</td><td>तेश्रो त्रैमासिक</td><td>चौथो त्रैमासिक</td><td>असार महिना</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>पूँजिगत खर्चतर्फ</td><td>१०४४१८२२५|७१</td><td>३२२११७७|२०</td><td>१९६३१६५९|६</td><td>१००००००००</td><td>७१५६५३८८|९१</td><td>५३४३६६३८|५०</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>६७.२४%</td><td>३.०८%</td><td>१८.८०%</td><td>९.५८%</td><td>69%</td><td>५१.१८%</td></tr>
</table>
<br>•</td><td></td></tr>
<tr><td>११.५</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>संगठन तथा कर्मचारी तर्फ</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>कर्मचारी करार -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको</td><td>१,२९०,६८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १३ जना कर्मचारीहरु करारमा राखि रु.४१६००००।०० खर्च लेखेको छ<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न २ पदमा ३ जना करार नियुक्ति गरी बर्षभरीमा रु १२९०६८० भुक्तानी भएको अनियमित देखिएको रू.</td><td></td></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति: पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरूको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><th>वडा संख्या</th><th>वडा सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr>
<tr><td>८</td><td>८</td><td>४</td><td>४</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजश्व वाडफाड शिर्षकवाट कर्मचारी कल्याण कोषमा रु.४०००००।०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.</td><td>४००,०००</td></tr>
<tr><td>१३</td><td></td><td></td><td>पेश्की बाँकी<br><br>पेश्की बाँकीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ। निर्माण व्यवसायीलाई भुक्तानी भएको मोविलाइजेशन पेश्की रू. १२०००००।÷ सम्झौता अनुसार फछ्र्यौट हुनु पर्दछ साथै कार्यालयबाट</td><td>९३०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>देहाय अनुसार म्याद समाप्त भएको व्यक्तिगत पेश्की वाँकी रू. ९३०००० ।÷ लेखापरीक्षणको अवधि सम्म फछ्यौट नियमानुसार फछ्यौट हुनु पर्ने रू.
<table>
<tr><th>भौ. नं.</th><th>मिति</th><th>कार्यक्रम</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>225</td><td>2079.03.२५</td><td>गाउँ सभा संचालन</td><td>द्वारिका नाथ मिश्र</td><td>५०००००।-</td></tr>
<tr><td>२२५</td><td>२०७८।११।०२</td><td>सुत्केरी र गर्भावती महिलाहरुलाई पौष्टिक आहारा वितरण</td><td>लालजी चौबे</td><td>८००००।-</td></tr>
<tr><td>211</td><td>२०७८। ०६ । १४</td><td>कार्यक्रम खर्च</td><td>देवांश दुबे</td><td>३५००००।-</td></tr>
<tr><td>145</td><td>२०७९। ०१ । ०९</td><td>कपिलवस्तु नगरपालिका वडा नं.५ डगरी सिमाना बसन्तपुर भडेहर रोड कालोपत्रे वडा नं .३ र २</td><td>प्राकृतिक पि स जोइन्ट भेन्चर</td><td>१२०००००। -</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>२१३००००। -</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>खर्च विश्लेसण<br><br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. १३०२१६९९ गत वर्षको मौज्दात रू.१५२६३५६४५।७३ राजस्व बाँडफाँड रू.९५२९७६७९।५० , अनुदानबाट रु.३६५९५७०००।- र अन्तर सरकारी अख्तियारी तथा अन्य आयबाट रू. १८०२१५४२।३३।- समेत रू.८१२०५०७८८।९१ आम्दानी भएकोमा चालु तर्फ रु.३७२५३८९१८।८५ र पूँजिगत तर्फ रु. १०४४१८२२५।७१ र अन्य खर्च रु ३३५०९३६४४।३६ गरी जम्मा रु. ८१२०५०७८८।९१ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा १.६० प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रू. १०१८२३८० खर्च भएको छ जुन आन्तरिक आयको ७८.१० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८०.७८ प्रतिशत चालु र १९.२२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाहरूले विकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>अनुदानको अनुगमन<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथास्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकीन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>कोभिड सम्बन्धी</td><td></td></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>कार्यालयले कोभिड १९ प्रकोप रोकथाम पालिकामा फैलिएको हैजा नियन्त्रणका लागि देहाय अनुसारका प्रमुख स्वास्थ्य सामग्रीको खरिद गरेको छ । खरिद मूल्यको प्रति एकाइ दर पेश नभएकोले खरिद मूल्विरयबीच तुलना गर्न सक्ने अवस्था छैन । यसको उदाहरण देहाय अनुसार रहेको छः
<table>
<tr><th>स्वास्थ्य सामग्री उपकरणको विवरण</th><th>आपूर्तिकर्ताको नाम</th><th>सम्झौता रकम</th><th>आपूर्ति गर्नुपर्ने मिति</th><th>आपूर्ति गरेको मिति</th><th>आपूर्ति भएको सामानको मूल्य</th><th>खरिद विधि</th></tr>
<tr><td>आर एल देखि सिटामोल सम्मा ११ समान</td><td>रानी महल सप्लायर्स</td><td>४९९४५०</td><td>२०७८।०७।०३</td><td>०७८।०६।३१</td><td>४९९४५०</td><td>कोटेशन</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>आर एल देखि डाइकलो फेन सम्म सम्मा २० समान</td><td>अबिक मडिसिन</td><td>४९९०५०</td><td>२०७८|०७|०२</td><td>२०७८|०७|०३</td><td>४९९०५०</td><td>कोटेशन</td></tr>
<tr><td>के ९५ मास्क देखि सेनिटाइजर सम्मा ६ समान</td><td>केजिसी ट्रेर्डस बुटवल</td><td>४९९९९१</td><td>२०७८|०७|०३</td><td>२०७८|०७|०३</td><td>४९९९९१</td><td>कोटेशन</td></tr>
<tr><td>साटबुटामोल</td><td>अबिक मेडिसिन</td><td>३००००</td><td>२०७९|१०|२६</td><td>२०७९|१०|२१</td><td>३००००</td><td>सोझै खरिद</td></tr>
<tr><td>मस्क, सेनिटाइजर सम्म ४ समान</td><td>डि एण्ड एस सप्लार्य तानसेन</td><td>४९१५५०</td><td>२०७८|१०|२४</td><td>२०७८|१०|२३</td><td>४९१५५०</td><td>कोटेशन</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>प्राप्त रकम र खर्चः कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७८ असार मसान्तसम्म स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको रू.९२ लाख २४ हजार ४५४ प्राप्त भएको बिबरण पेश गरेको छ भने असार मसान्त सम्म रू. ४५५८७२१ हजार खर्च गरी रू. ४६६५७३३ बाँकी रहेको छ । गाउँपालिकामा फैलिएको हैजा नियन्त्रणको लागि समेत यसै कोषबाट खर्च गरेको पालिकाले छलफलको क्रममा उल्लेख गरेको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| बजेट/ आम्दानीको स्रोत | २०७९ असार मसान्त सम्म प्राप्त रकम | खर्च शीर्षक | २०७९ असार मसान्त सम्म खर्च रकम |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | 0 | राहात वितरण | 0 |
| प्रदेश सञ्चित कोषबाट | 0 | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | 0 |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | 9224454 | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | 0 |
| संघीय कोभिड कोषबाट | 0 | जनशक्ति परिचालन | 970820 |
| प्रदेश कोभिड कोषबाट | 0 | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | 2519501 |
| अन्य स्रोतबाट प्राप्त | 0 | स्वास्थ्य पूर्वाधार निर्माण | 0 |
| | 0 | अन्य शीर्षकमा भएको खर्च | 1068400 |

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>0</td><td>बाँकी</td><td>4665733</td></tr><tr><td></td><td></td><td></td><td></td></tr><tr><td>जम्मा</td><td>9224454</td><td>जम्मा खर्च</td><td>९२२४४५४</td></tr></table></td><td></td></tr>
<tr><td>१६.३</td><td></td><td></td><td>बार्षिक प्रतिवेदन विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको बिवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.४</td><td></td><td></td><td>जाखिम भत्ताः जोखिम भत्ता : नेपाल सरकारद्बारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ । कार्यालले गत वर्ष ग्रपंतिमा खटेका स्वास्थ्यकर्मीहरूलाई रू. १११४०० खर्च लेखेको छ<br><table><tr><th>क्रस</th><th>खर्च गर्ने निकायको नाम</th><th>जोखिम भत्ता पाउने पदाधिकारी</th><th>कर्मचारी वा पदाधिकारी संख्या</th><th>भत्ताको प्रकार</th><th>खर्च रकम</th></tr><tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td rowspan="2">यशोधरा गा पा</td><td rowspan="2">स्वास्थ्यकर्मी</td><td>२०</td><td>जोखिम भत्ता</td><td>१११४००</td></tr>
<tr><td>२</td><td>४४</td><td>बैठक भत्ता</td><td>५००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td>१६१४००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.५</td><td></td><td></td><td>
खोपको बिवरणः पालिकालाइ विभिन्न समयमा कोभिसिल, भेरोसेल र जोन्सन खोप गरी ८२००० खोप प्राप्त भएको देखिन्छ । जसमध्ये ५ वर्ष माथि उमेर समुह ७५६५० डोज खोप लगाएको देखिन्छ भने २००० डोज खोप फिर्ता गरेको छ । कूल जनसंख्या ४५०५० मध्ये पहिलो डोज ३९३६० जनाले, दोस्रो डोज ३४६०० जनाले र बुस्टर डोज १७१० जनाले लगाएको विवरणा पेश भएको छ ।
<table>
<tr><th>सि.नं.</th><th>खोपको विवरण</th><th>प्राप्त परिमाण</th><th>खोप लगाएको संख्या</th><th>खेर गएको</th><th>फिर्ता</th></tr>
<tr><td>१</td><td>Covid 19 vaccine</td><td>८२०००</td><td>७५६७०</td><td>४३३०</td><td>२०००</td></tr>
</table>
कूल जनसंख्या मध्ये खोप लगाउने संख्या
<table>
<tr><th>कूल जनसंख्या</th><th>पहिलो डोज</th><th>दोस्रो डोज</th><th>बुस्टर डोज</th></tr>
<tr><td>४५०५०</td><td>३९३६०</td><td>३४६००</td><td>१७१०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कोभिड परीक्षणः पालिकाले पेश गरेको विवरण अनुसार २०७९ असार मसान्तसम्म १२५८ जनामा पीसीआर परीक्षण गर्दा ९६ जना संक्रमित फेला परेको देखिन्छ ।परीक्षण र परीक्षणको दर देहाय अनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि. नं .</th><th>परीक्षण विधि</th><th>परीक्षण संख्या</th><th>संक्रमित संख्या</th></tr>
<tr><td>१</td><td>एन्टिजेन</td><td>१२५८</td><td>९६</td></tr>
<tr><td>२</td><td>पीसीआर</td><td>0</td><td>0</td></tr>
</table></td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>अनुदान फिर्ता<br><br>अनुदान फिर्ता- संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । खर्च नभई बाँकी रहेकोरकम संघीयको सरकारको रु.३९८२८०००।- र प्रदेश सरकारको रु १६६७५००० समेत जम्मा रु ५६५०३०००।०० फिर्ता गरेको छ ।
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>201104000</td><td>161274000</td><td>39828000</td></tr>
<tr><td></td><td>विषेश</td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>समपुरक</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>अन्य</td><td></td><td></td><td></td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>8544000</td><td>5686000</td><td>2856000</td></tr>
<tr><td></td><td>विषेश</td><td>6000000</td><td>3742000</td><td>2257000</td></tr>
<tr><td></td><td>समपुरक</td><td>15000000</td><td>3437000</td><td>11562000</td></tr>
<tr><td></td><td>अन्य</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>230648000</td><td>174139000</td><td>56503000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली</td><td></td></tr>
<tr><td>१८.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।</li>
<li>पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।</li>
<li>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खातामा रु.१३५२६८५१।७५ पुँजीगत खर्च खातामा रु ६४१२८९५.०० , आन्तरीक राजश्व खातामा रु २६३१२८४७।०० , समेत गरी रु</li>
</ul>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ४६२५२५९४।६१ मौज्दात रहेकोमा २०७९ साउन २ गते रु.२६३१२८४७।८६ , ३ गते रु २६३१२८४७।८६ र ४।३० मा साट्न वाकी चेक रु ३२६७४।०९ संचित कोषमा ट्रान्सफर गरेको ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।<br>• कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।<br>• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।<br>• कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन पिरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।<br>• जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।<br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३६ जनाको दरबन्दी रहेकोमा २१ रिक्त रहेको पाइयो ।<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रू. १३५५२००० तलब खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकीन हुन सकेन ।<br>• पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन ।<br>• पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नु पर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १८.२ | | | बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रतिवेदन म. ले. प. फाराम ८०३ - बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेकाे पाइएन । यसमा सुधार हुनु पर्दछ । | |
| १८.३ | | | सूचना प्रविधि पद्दतिः - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.३ लाख ८४ हजार खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ साथै सूचना प्रविधि पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल र म. ले. प. फाराम ९०१ र ९०२ को प्रयोग गरी विद्युतीय प्रणाली प्रयोगकर्ता सम्बन्धी विवरणलाइ अध्यवधिक गर्नु पर्दछ । | |
| १८.४ | | | सवारी साधन र मेशिनरी सञ्चालनको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यवधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यवधिक गरी राखेको छैन । म .ले.प फाराममले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दति लागु गर्नु पर्दछ । | |
| १८.५ | | | भ्रमण खर्च : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । <br><br> • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । <br><br> • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको । <br><br> • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । <br><br> अतः स्पष्ट प्रयोजन र उद्‌देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| १९ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.१ | | | कानून र सञ्चालन स्थिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ४ वटा नियमावली, १७ कार्यविधि, २ वटा निर्देशिका र १ वटा नर्म्स समेत ४३ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १९.२ | | | न्यायिक समिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकाराह क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५६ यो बर्ष थप भएको २३ वटा समेत ७९ वटा उजुरी मध्ये ६ वटा मात्र फछ्र्यौट भई ७३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २० | | | **आन्तरिक राजस्व**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले हुने जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ।देहाय अनुसारका वडाहरुको राजस्व असुल गर्ने वडा सचिवहरुले उठाएको राजस्व समयमा दाखिला गरेको पाइएन । तसर्थ कानुनको व्यवस्था अनुसार असुल गर्नु पर्ने रु, | १७५,४५२ |

| जिम्मेवार व्यक्ति | महिना | वडा न. | जम्मा उठेको राजस्व | दाखिला रकम | दाखिला मिति | १०% जरिवाना |
|---|---|---|---|---|---|---|
| | साउन र भाद्र | | ७०००० | ७०००० | २०७८।६।२५ | ७००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| द्बारिका नाथ मिश्र | माघ र फागुन | राजस्व शाखा | ७८६५० | ७८६५० | २०७८।१२।२५ | ७८६५ |
| | बैशाख | | ३८२०० | ३८२०० | २०७९।४।२५ | ३८२० |
| | जेठ र असार | | २७७४५३ | २७७४५३ | २०७९।९।१८ | २७७४५ |
| | जम्मा | | | | | ४६४३० |
| राम सुभग यादव | साउन | १ | ३०७३० | ३०७३० | २०७८।६।७ | ३०७३ |
| | असोज , कार्तिक | | २३६६३ | २३६६३ | २०७८।९।६ | २३६६ |
| | पुष १ दखि जेठ २९सम्म | | १०२७३० | १०२७३० | २०७९।३।२९ | १०२७३ |
| | जम्मा | | | | | १५७१२ |
| राम सुभग यादव | साउन र भदौ | २ | ६६६६७ | ६६६६७ | २०७८।७।९ | ६६६६ |
| | कार्तिक र मंसिर | | ८५४५० | ८५४५० | २०७९।३।३१ | ८५४५ |
| | पुष १ देखि असाढ ३० सम्म | | २२६५५५ | २२६५५५ | २०७९।९।१७ | २२६५५ |
| | जम्मा | | | | | ३७८६६ |
| नवराज पन्थ | भदौ | ३ | १३५७३ | १३५७३ | २०७८।६।१४ | १३५७ |
| | असोज | | ८४९४ | ८४९४ | २०७८।७।१६ | ८४९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | | | | | २२०६ |
| सुनिल कुमार चौधरी | साउन र भदौ | ४ | ५१२०० | ५१२०० | २०७८।७।८ | ५१२० |
| | कार्तिक | | २०८४८ | २०८४८ | २०७८।९।६ | २०८४ |
| | पौष १ देखि जेठ मसान्त सम्म | | ९३८५२ | ९३८५२ | २०७९।३।३१ | ९३८५ |
| | जम्मा | | | | | १६५८९ |
| दिपेन्द्र कुमार पाठक | मंसिर | ५ | ११२४२ | ११२४२ | २०७८।१०।१० | ११२४ |
| | माघ | | १२०१६ | १२०१६ | २०७८।१२।११ | १२०१ |
| | फागुन | | २०८९६ | २०८९६ | २०७८।१२।११ | २०८९ |
| | चैत्र र बैशाख | | ३०७७१ | ३०७७१ | २०७९।३।५ | ३०७७ |
| | जम्मा | | | | | ७४९१ |
| मोहम्मद हाली | साउन | ६ | ३९२८९ | ३९२८९ | २०७८।६।१३ | ३९२८ |
| | भदौ | | ३६९१३ | ३६९१३ | २०७८।६।१३ | ३६९१ |
| | असोज , कार्तिक र मंसिर | | ४३९१६ | ४३९१६ | २०७८।९।२९ | ४३९१ |
| | पौष र माघ | | ३४९८२ | ३४९८२ | २०७८।११।३० | ३४९८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2"></td><td>फागुन</td><td rowspan="2"></td><td>२६९५६</td><td>२६९५६</td><td>२०७९।१।७</td><td>२६९५</td></tr>
<tr><td>बैशाख र जेठ</td><td>५८१८५</td><td>५८१८५</td><td>२०७९।३।३१</td><td>५८१८</td></tr>
<tr><td></td><td colspan="5">जम्मा</td><td>२४०२१</td></tr>
<tr><td rowspan="4">सुनिल कुमार चौधरी</td><td>साउन , भदौ र असोज</td><td rowspan="3">८</td><td>९२४८५</td><td>९२४८५</td><td>२०७८।७।१८</td><td>९२४८</td></tr>
<tr><td>कार्तिक र मंसिर</td><td>१८५९५</td><td>१८५९५</td><td>२०७८।९।१३</td><td>१८५९</td></tr>
<tr><td>पौष १ देखि जेठ मसान्त सम्मको</td><td>१४०३०४</td><td>१४०३०४</td><td>२०७९।३।३१</td><td>१४०३०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२५१३७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>सभा सञ्चालनमा मितव्ययिताः<br><br>गाँउपालिकाले सभा सञ्चालनको लागि रु. २० लाख विनियोजित वजेट, गाँउपालिकाको अध्यक्षबाट सञ्चालन हुने छुटपुट कार्यक्रम खर्च शीर्षकवाट रु. ४४०७०० र आवश्यक्ता र औचित्यताको आधारमा न्यायिक समितिको निर्णयबाट हुने खर्च शीर्षकबाट रु. २१३०००।०० गरी जम्मा रु. २६५३७०० खर्च गरेको छ । पालिकाले झोला, रेनकोट, स्टेशनरी, टिसर्ट र विविध खर्चमा मात्र रु. १६४५२७५।०० खर्च गरेको देखिन्छ । वर्ष भरीमा रु २११२०७१।४२ आन्तरिक राजस्व उठाउने गाँउपालिकाले सभा सञ्चालनमा रु. २६५३७०० खर्च गर्नु मितव्यी देखिएन । यस्तो खर्च नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२</td><td></td><td></td><td>

**अन्य संस्थालाई भुक्तानी**

कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र स्वीकृत कार्यक्रम र बजेट सीमा भित्र रही खर्च गर्नु पर्दछ । यस वर्ष गाउँपालिकाले समान अस्तित्व र छुट्टै वजेट हुने देहायका कार्यालयलाई दिइएको अनुदान नियम विपरित देखिएको रु

<table>
<tr><td>संस्थाको नाम</td><td>रकम रु</td></tr>
<tr><td>कपिलवस्तु अस्पताल</td><td>१०००००</td></tr>
<tr><td>रक्त सञ्चालन केन्द्र</td><td>१५००००</td></tr>
<tr><td>पत्राकार महासंघ कपिलवस्तु</td><td>२५०००</td></tr>
<tr><td>सशस्त्र प्रहरी वल BOP मर्यादापुर को मर्मत विल</td><td>४९३००</td></tr>
<tr><td>प्रहरी चाैकी मर्यादपुरको मर्मत विल</td><td>३८८००</td></tr>
<tr><td>जम्मा</td><td>३६३१००</td></tr>
</table>

</td><td>३६३,१००</td></tr>
<tr><td>२३</td><td>११७८</td><td>२०७९-३-२०</td><td>

**अनुत्पादक खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागीता मुलक उत्पादनमुलक र प्रतिफल प्राप्त हुने योजना छनौट तथा प्राथामिकीकरण गरी कार्यन्वयन गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको प्रावधान विपरित

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हुनु गरी ११७८।२०७९।३।२० बाट उदय सहकारी संस्थालाई १ थान ल्यापटप र एक थान प्रिन्टर गरी जम्मा रु १५९९५०।०० मा खरिद गरी वितरण गरेको छ । यस्तो खर्च नियन्त्रण गर्नु पर्दछ । | |
| २४ | | | **वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन** | |
| २४.१ | | | अबण्डा बजेट - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी दफा ७१ बमोजिम बजेट पेश र पारित गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १ करोड ७२ लाख ६७ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम पालिकाले चालुतर्फ छुटपुट भएका कार्यक्रमहरु गाउँपालिका अध्यक्षबाट संचालन हुने र वडा अध्यक्ष मार्फत छुटफुट भएको कायर्क्रमहरु चालु तर्फ शीर्षकमा रु. ७३ लाख ६८ हजार र पुजीगततर्फ छुटपुट भएका कार्यक्रमहरु गाउँपालिका अध्यक्षबाट संचालन हुने र वडा अध्यक्ष मार्फत छुटफुट भएको कायर्क्रमहरु पूँजीगत तर्फ रु. ९० लाख १५ बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| २४.२ | | | कार्यक्रमहरू कार्यान्वयन नभएकोः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी आषाढ मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ को लागि रू. ५२ करोड ७ लाख ८८ हजारको बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल ८३२ बटा कार्यक्रम मध्ये यस वर्ष २३० वटा कार्यक्रमहरू कार्यान्वयन गरेको पाइएन । कार्यान्वयन नभएका रू. ५ लाख भन्दा माथिका कार्यक्रमहरू देहाय अनुसार छन् ।<br><br>सि. नं. \| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम \| खर्च शीर्षक \| विनियोजन रु.<br>१ \| अति गरिब विपन्न असाहाय घरपरिवारलाइ औषधी उपचार खर्च \| २११२३ \| ८०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | २ | शिक्षक कर्मचारी बालविकास सहजकर्ताहरुको क्षमता विकास | २२५२२ | ६०० | |
| | | | ३ | गाउँपालिका स्तरीय अतिरिक्त शैक्षिक क्रियाकलाप | २२५२२ | ५०० | |
| | | | ४ | गरिब जेहेन्दार दलित एव परीक्षामा उत्कृष्ट नम्बनरलाइ उर्त्तिण भएका विद्यार्थीको लागि छात्रवृत्ति कार्यक्रम | २२५२२ | ६०० | |
| | | | ५ | मेलमिलाप कर्ताहरुको लागि ८ दिने आधारभूत तालिम | २२५२२ | ९७५ | |
| | | | ६ | गाउँ शिक्षा प्रोफाइल निर्माण | २२५२२ | ५०० | |
| | | | ७ | गाउँपालिका तथा वडाका कर्मचारीहरुको सूचना प्रविधिमा क्षमता अभिवृद्धि कार्यक्रम | २२५२२ | ५०० | |
| | | | ८ | प्रारम्भिक कक्षा पढाइ कार्यक्रम | २२५२२ | ५०० | |
| | | | ९ | अति विप्पन बालबालिकालाइ शैक्षिक सामग्री वितरण | २२५२२ | ५०० | |
| | | | १० | कर्मचारी आन्तरिक पर्यटन काज कार्यक्रम | २२५२२ | २६०० | |
| | | | ११ | कक्षा ११ र १२ संचालन तथा व्यवस्थापन | २२५२२ | ५०० | |
| | | | १२ | सफटवयेर जडान | ३११२२ | ५०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | १३ | रफिकुल्लाहको घर देखि मेन रोड सम्म सडक कालोपत्रे बिचली भडेहर | ३११५१ | ८०० | |
| | | | १४ | मेलमिलापकर्ताहरुको आवशिय तालिम ४ दिने वडा न २ र ८ | २२५२२ | ५०० | |
| | | | १५ | गाउँको पश्चिम रहेको कबरिस्तानमा तारबार | ३११५९ | ५०० | |
| | | | १६ | सबै बस्तीमा हैण्ड पाईप खरीद तथा बितरण | २२५२२ | ५०० | |
| | | | १७ | बिक्रमको पसल देखि मस्जिद हुदै ठेमलालको घर सम्म पी सी सी ढलान लोहरौली | ३११५१ | १००० | |
| | | | १८ | मुस्तफाको घर देखि उत्तर पुर्व लमतियाहेको घर सम्म पी सी सी ढलान रमनगरा | ३११५१ | ५०० | |
| | | | १९ | राष्ट्रिय महिला सामुदायीक स्वास्थ्य स्वयम सेविका कार्यक्रमको थप यातायत खर्च | २२५२२ | ६३६ | |
| | | | २० | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | २२५२२ | १०३८ | |
| | | | २१ | गहुँ बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन | २२५२२ | १२०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२२</td><td>आ.व. २०७७/७८ मा स्थापना भएको बारग्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता</td><td>२२५२२</td><td>७००</td></tr>
<tr><td>२३</td><td>आधारमुत तह कक्षा (६-८) मा अंग्रेजीगणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान</td><td>२२५२२</td><td>२२०८</td></tr>
<tr><td>२४</td><td>कर्बलाघाट झो.पु. यसोधरा गाउँपालिका ७ कपिलबस्तु</td><td>३११५१</td><td>८००</td></tr>
<tr><td>२५</td><td>विद्यालयका जनशक्तिहरुलाइ सूचना प्रविधिमा क्षमता अभिवृद्धि कार्यक्रम</td><td>२२५२२</td><td>५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.३</td><td></td><td></td><td>नीति तथा मार्गदर्शनः गाउँपालिकाको आ.व. २०७८।०७९ को नीति तथा मार्गदर्शन २०७८ असार १० गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । गाउँसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमाक् उल्लेख भएका व्यहोराहरू कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्ः
<ul>
<li>आगामी आर्थिक वर्षमा पूर्ण गाउँपालिका घोषणा गर्ने</li>
<li>गाउन्पालिका अन्तरगतका सामुदायिक विद्यालयहरूका शिक्षक विद्यार्थी अनुपालतलाई २०७८।७९ को पहिलो चौमासिक सम्ममा मिलान गर्ने</li>
<li>गाउँपालिकामा आगामी वर्ष क्याम्पस स्थापना गर्ने</li>
</ul>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • किशोरी।महिलाको आत्मरक्षाको लागि कार्यक्रम सञ्चालन गर्ने<br>• सुन्दर यशोधरा अभियान सञ्चालन गर्ने<br>• ऐतिहासिक, धार्मिक तथा सांकृतिक सम्पदाहरूको संरक्षण एवम् सम्बर्द्धन गरी पर्यटकीय स्थलको रूपमा विकास गर्न प्रचार प्रचारको कार्यक्रम संचान गर्ने<br>• पोखरी तथा तालको सुन्दरीकरण गरी आन्तरिक तथा वाहय पर्यटन आकर्षित गर्ने कार्यक्रम ल्याउने<br>• गाउँपालिका क्षेत्रको सरकारी जग्गामा पार्क, स्मृति बाटिका तथा चिल्ड्रेन पार्क निर्माणको लागि प्रयसा गर्ने<br>• मधेशको कला संस्कृतिको संरक्षण गर्न अभियान चलायने<br>• संचालनमा रहेका हाट बजारहरूलाई व्यवस्थित गर्ने साथै नयाँ हाट बजारहरूको परिकल्पना गरी बजार व्यवस्थान गर्ने ।<br>• पालिका स्तरमा रिङरोडको डिजाइन सर्वे डि.पि.आर. गराई आवधिक योजनामा समावेश गरी निर्माण कार्यमा जोड दिने ।<br>• गाउँपालिका प्राङ्गढमा रहेको पोखरीमा यशोधराको मूर्ति माताको मूर्ति स्थापित गर्ने<br>• गाउँपालिका भित्र घर नक्सापास गरी आवासीय वसोवासको व्यवस्थापन गर्ने नीति लिने<br>• गाउँपालिका अन्तरगतका सम्पूर्ण विद्यालय, स्वास्थ्य संस्था वडा कार्यालय एवम् गाउँपालिकाको कार्यालयमा कार्यरत जनशक्तिलाई सूचना प्रविधिमा क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम तथा अभमुखीकरण कार्यक्रम संचालन गर्न आवस्यक व्यवस्था गर्ने । | |
| २५ | | | **बैक हिसाब मिलान -**<br><br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले मे.ले.प.फा. नं. २१२ को ढाँचामा बैंक हिसाब मिलान विवरण गरेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td></td><td>संचित कोष</td><td>87558682।५१</td><td>८७७६३९८७।५१</td><td>२०५३०५</td></tr>
<tr><td></td><td>विविध कोष खाता</td><td>६४३०२६।३७</td><td>६४३०२६।३७</td><td></td></tr>
<tr><td></td><td>आकस्मिक कोष खाता</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>पूँजीगत खाता</td><td>१६५०३७२०।२९</td><td>१७६८२११७।२९</td><td>११७८३९७</td></tr>
<tr><td></td><td>धरौटी खाता</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>चालू खाता</td><td>६८७८०६५।४९</td><td>६८६४७९७।८६</td><td>१३२६७।६३</td></tr>
<tr><td></td><td>विपद व्यवस्थापन कोभिड</td><td>४७४३६०५।८०</td><td>४७४३६०५।८०</td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११६३२७१००.४६</td><td>११७६९७५३४.८३</td><td>१३९६९७०.</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>एम्वुलेन्स अनुदानः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गाँउपालिकाले गाउपालिका चालु तर्फको बजेटबाट रु ६ लाख एम्वुलेन्स सञ्चालन वापत स्वास्थ्य चौंकीलाई अनुदान दिएको छ । एम्वुलेन्सवाट के कति आम्दानी र खर्च भए र के कति सेवाहरु प्राप्त भए सो सम्वन्धमा स्रेस्ता पेश हुन नसकेको कारण यकिन हुन सकेन । यस सम्वन्धमा गाँउपालिकाले स्पस्ट विवरण राख्नु पर्ने देखिन्छ । | |
| २७ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| २७.१ | | | सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नु पर्ने व्यहोरा गतविगतको प्रतिवेदनमा उल्लेख भए पनि कार्यान्वयनको अवस्था खुलाएको छैन । यसमा सुधार हुनु पर्दछ । | |
| २७.२ | | | सार्वजनिक सम्पत्तिको रेखदेखः सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण -स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ । | |
| २८ | | | **सार्वजनिक खरिद तर्फ** | |
| २८.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न २६४ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ५ करोड ९० लाख ८० हजार ९६० भुक्तानी गरेकोमा यसरी कार्य गर्न | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>डीपीआर खर्च -बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।
<table>
<tr><th rowspan="2">क्र.स.</th><th rowspan="2">कार्यक्रमको नाम</th><th rowspan="2">परामर्शदाता</th><th>स्वीकृत बजेट</th><th rowspan="2">खर्च रकम</th><th rowspan="2">अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत</th></tr>
<tr><th>स्टीमेट रकम</th></tr>
<tr><td>१</td><td>प्रशासकीय भवनको माथिल्लो तलाहरु निर्माण</td><td>Star Trade and Engineering pvt.ltd kathmandu</td><td>433694</td><td>430857</td><td>39417914</td></tr>
<tr><td>२</td><td>अनिरुद्ध पब्लिक भवन मा.बि. भवन निर्माण</td><td>TPH Development Engineer's Pvt.ltd.shankhmul 11 lalitpur</td><td>496320.86</td><td>494702</td><td>105008857</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>144426771</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका विगतका आयोजनाहरू कार्यान्वयनमा गएको समेत देखिएन । | |
| २९ | | | **औषधि खरिद-**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छन।<br><br>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br><br>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३० | | | **नर्म्सको दर भन्दा फरक दरमा भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम 10 अनुसार निर्माण कार्यको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत काम गराउँदा स्वीकृत नर्म्स र जिल्ला दररेट अनुसार हुने रकममा मुल्य अभिवृद्धि कर लाग्ने सामानको मुल्य अभिवृद्धि कर समेत हुने दरमा सम्झौता गरी भुक्तानी गर्नुपर्नेमा पालिकाले देहाय अनुसारका भौचरबाट उपभोक्ता समितिलाई सडक ग्राभेलको भुक्तानी गर्दा नेचुरल स्यान्ड ग्राभेलको प्रति घनमिटर रू. २५३८.६८ को दरमा भुक्तानी गरेकोमा उपभोक्ताले पेश गरेको निर्माण कार्यको फोटाहरू र विल भर्पाइ अनुसार मिस्कट प्रयोग गरेको पाइयो । दर विश्लेषाण पालिकाले तयार गरेको दर विश्लेषण अनुसार लुज नेचुरल ग्राभेलको प्रति घनमिटर रू. २१११.३७ मात्र रहेकोले प्रति घनमिटर ४२७.३१ को दरले बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रू.<br><br>भौ.नं. मिति \| उपभोक्ता समिति \| कामको परिमाण \| फरक दर \| बढी भुक्तानी<br>१४-२०७९।३।२० \| मधुनगरागाउको सडक स्तरोन्नति \| ४१०.७४ \| ४२७.३१ \| १७५५१३.३१ | ३०४,४८८.२९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३१४-२०७८।३।२२</td><td>कोपवा इटवा वन्धा सडक स्तरोन्नति</td><td>३०१.८३</td><td>४२७.३१</td><td>१२८९७४.९८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>३०४४८८.२९</td></tr>
</table>



<br>
कोपवा इटवा वन्धा सडक
<br>
मधुनगरागाउको सडक
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>
टुक्रा खरिद
<br><br>
सार्वजनिक खरिद कानून अनुसार प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी वस्तु तथा सेवा खरिद गर्नुपर्नेमा पालिकाले देहाय अनुसार रु.६०४२६६ को नयाँ कार्यालय व्यवस्थपन शीर्षकबाट फर्निचर टुक्रा गरी खरिद गरेको छ । सार्वजनिक निकायले खरिद गर्दा प्रतिस्पर्धालाई सीमित हुन नदिन प्याेकज बनाई खरिद गर्नु पर्दछ ।
<table>
<tr><td>भौ.न. मिति</td><td>सामान</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१९०- २०७९।३।७</td><td>कार्यालय फर्निचर</td><td>४४०७००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२१३- २०७९|३|२६</td><td>कार्यालय फर्निचर</td><td>३००००</td></tr>
<tr><td>२३२- २०७९|३|२२</td><td>कार्यालय फर्निचर</td><td>१३३५६६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>
उपभोक्ता समितिबाट निर्माण<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने व्यवस्था छ । सोही नयमावलीको नियम नियम ९७ को उपनियम (१२) अनुसार निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु व्यवस्था छ । पालिकाले देहाय अनुसारका उपभोक्ता समितिहरू मार्फत सरकारी भवनहरू निर्माण गराई भुक्तानी गरेको छ । प्रतिस्पर्धाबाट कार्य गराउन सिमित हुने गरी नियम विपरीत सरकारी भवनहरू उपभोक्ता समितिबाट निर्माण गराई भुक्तानी गरेको अनियमित देखिएको रू.<br><br>
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी</th></tr>
<tr><td>१२१-<br>२०७८|१२|२८</td><td>वडा कार्यालय मर्मत उपभोक्ता समिति</td><td>३४२८०५</td></tr>
<tr><td>१५५-२०७९|१|२२</td><td>अधुरो स्वास्थ्य चौकी भवन निर्माण</td><td>२११०८०९</td></tr>
<tr><td>१६३-२९७९|१|१०</td><td>अमलोनहा स्वास्थ्य चौकी भवन निर्माण</td><td>९६५७४५</td></tr>
</table>
</td><td>३,९०८,८२७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (continued) | |

| | | |
|---|---|---|
| २०१-२०७९।३।१४ | बैदौली स्वास्थ्य चौकी मर्मत उपभोक्ता समिति | ४८९४६८ |
| जम्मा | | ३९०८८२७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **जटिलसंरचना निर्माण** | |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले भवन, कल्भर्ट, खानेपानी संरचना लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गो.भौ.नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३८-२०७८।९।२८ | गौसिया मिस बाहुल ओलुम प्राथमिक विद्यालय | भवन निर्माण | १७५२००६.३४ | १४४५६२४ |
| ६४-२०७८।११।२० | रामजानकी कुटी मन्दिर | ,, | ८००००० | ७४३९८३ |
| १३०-२०७९।१।६ | श्री गौतम बाल विकास भवन | ,, | ६५३४२६.९१ | ५७९९७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ३४ | | | **कार्यालयको प्रशासकीय भवन**<br><br>गाउँपालिकाको प्रशासकीय भवन निर्माणकार्यको लागत अनुमान रु. ३ करोड रहेकोमा ठेक्का व्यवस्थापन गर्दा सबै भन्दा कम कवोल गर्ने प्राकृतिक निर्माण सेवाले कवोल गरेको रु. २४९९०४४९.०६ मा १८ महिना भित्र सम्पन्न गर्ने गरी मिति २०७७।२।२८ मा सम्झौता भएको छ । कूल मूल्यांकन २३९६३०८०.३९ यस आ.व. रु. ७४२७०७० भुक्तानी भएको छ ।<br><br>एज बिल्ट ड्रइगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा पेश गर्नुपर्ने साथै निर्माण व्यवसायीहरुसँग भएको सम्झौताको दफा ७२.१ मा निर्माण व्यवसायीले ३० दिनभित्र एज बिल्ट ड्रइग पेश गर्नु पर्ने र सो डकुमेण्ट पेश नगरेमा रू. १ लाख रकम रोक्का (विद हेल्ड) राख्नुपर्ने व्यवस्था छ । एज बिल्ट ड्इग बेगर भुक्तानी भएको देखिएकोले सम्झौताको प्रावधान अनुसार एज बिल्ट ड्रइग पेश हुनु पर्ने रु. | १००,००० |
| ३५ | | | **सोझै खरिद**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ मा रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइको निम्नानुसार रु. ३४३०७८८।- को सोझै खरिद गरेको देखियो । यसमा सुधार हुनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.नं.</td><td>सामानको नाम</td><td>टुक्रा संख्या</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>कम्प्युटर, ल्यापटप तथा पार्टस</td><td>१२</td><td>२०८२८९७</td></tr>
<tr><td>२</td><td>फर्निचर तथा फिक्सचर्स</td><td>५</td><td>८९३६०४</td></tr>
<tr><td>३</td><td>होर्डङ बोर्ड</td><td>२</td><td>४५४२८७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३४३०७८८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>अधुरो योजना<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समिक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समिक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार सम्झौता अनुसार सम्पन गरेपछि मात्र भुक्तानी हुने देहायको योजना कार्य सम्पन्न हुन नसकि आंशिक कार्यको भुक्तानी भएको छ। यसरी कानून विपरीत सम्झौता गरी तोकिएको अवधि सम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।यस्ता कार्यलाई पुन गर्दा लागत वढ्ने हुन्छ।<br><br>उपभोक्ता समितिबाट अधुरो भएको योजनाहरु</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| सि. न . | योजना | ठेगाना | बिनियोजित रकम/ सम्झौता | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | लोहरौली दुर्गा मन्दिर निर्माण | वडा ५ | ५००००० | २३९२९८.४ | ४९.३४ |
| २ | कोपवा नन्दलालको घर देखि नहर सम्म सडकमा माटो ग्रेभल | वडा न. ७ | २५०००० | ३९८५२ | १६.४३ |

ठेक्कामा भएको अधुरो योजना

| सि. न . | योजनाको नाम | ठेगाना | बिनियोजित | सम्झौता | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | बासुदेव जनतामा. वि . कोपोखरीको डिलमा बाल बिकास भवन निर्माण | यशोधरा ६ भैसहिया | ९००००० | ५७१४८७ | २४२७४२.१८ | ४२.४७ |
| २ | दिनमोहम्मदको घर देखि सडक बाटो सम्म सडक स्तरोन्नती | यशोधरा ४ पोखरभिटवा | १०००००० | ५२९४१६ | ३४७००६.९८ | ६५.५४ |

| | | | | |
|---|---|---|---|---|
| ३७ | | | **ठेक्का व्यवस्थापन तर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७.१ | | | प्राविधिक बील र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३७.२ | | | ठेक्का व्यवस्थापनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम त्रैमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट एक वटा ठेक्का सम्झौता गरेकोमा चौथो त्रैमासिकमा मात्र सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी चौथो त्रैमासिकमा समेत ठेक्का सम्झौता गरी प्रगति शत प्रतिशत देखाउने गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको पालना हुनु पर्दछ । | |
| ३७.३ | | | ठेक्काको विवरण- निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ । | |
| ३८ | | | **शिक्षा तर्फ** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुदानबाट शिक्षकको तलब भत्ता - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.३०१४०००।- तलब भत्ता भुक्तानी गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>३९</td><td>२४७</td><td>२०७९-३-२३</td><td>शीर्षक फरक पारी भुक्तानी<br><br>संघीय सशर्त शीर्षकबाट प्राप्त भएको रकम तोकिएको कार्यक्रममा तोकिएको कार्यविधि अनुसार खर्च गर्नु पर्दछ । गाँउपालिकाले स्थानीय तहका स्वास्थ्य चौकी, प्राथामिक स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरको तलव भत्ता, महगीं भत्ता, स्थानीय भत्ता,पोषाक लगायतका प्रशासनिक खर्च मात्र लेख्न मिल्ने शीर्षकबाट स्वास्थ्य सम्बन्धी फरम्याट छपाई वापत ५४५२२६।०० खर्च लेखेको छ । गाँउपालिका चालु बजेटबाट गर्नु पर्ने यस्ता प्रकृतिका खर्च नियन्त्रण गर्नु पर्दछ ।
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३९.१</td><td></td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>समिति गठन-<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि ५ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१.१ | | | (ख) विद्यालयगत निकासा रजिष्ट्रर - अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुलाई दोहोरो भुक्तानी नहुने गरी अभिलेख राख्ने नगरेकोले दोहोरो भुक्तानी हुन सक्ने अवस्थाको नियन्त्रण गर्न भरपर्दो आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरेको पाइएन । तोकिएको ढाँचामा विद्यालयगत निकासा रजिष्ट्रर राख्नु पर्दछ । | |
| ४१.२ | | | (क) शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | यशोधरा वाड नं. | शिक्षक दबन्दी | | | पदपुर्ती | | | पदपुर्ती मध्ये करार | | | विद्यार्थी विवरण २०७८ | विद्यार्थी विवरण २०७९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | मा. वि. | नि. मा. | प्रा. वि. | मा. वि. | नि. मा. | प्रा. वि. | मा. वि. | नि. मा. | प्रा. वि. | | |
| १ | श्री अनिरुद्ध पब्लिक माध्यमिक विद्यालय | ५ | 8 | 5 | 7 | 8 | 5 | 7 | 4 | 2 | 4 | 1221 | 1232 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | श्री बासुदेव जनता माध्यमिक विद्यालय | ६ | 4 | 4 | 6 | 4 | 4 | 6 | 4 | | 3 | 817 | 756 |
| ३ | श्री कृष्ण धार्मिक माध्यमिक विद्यालय | ३ | | 2 | 7 | | 2 | 5 | | 2 | 2 | 696 | 777 |
| ४ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | १ | 1 | | 5 | 1 | | 5 | 1 | | 3 | 762 | 753 |
| ५ | श्री जगन्नाथ माध्यमिक विद्यालय | ७ | | 1 | 7 | | 1 | 7 | | 1 | 4 | 526 | 616 |
| ६ | श्री राष्ट्रिय आधारभुत विद्यालय | ८ | | 1 | 5 | | 1 | 5 | | 1 | 4 | 411 | 572 |
| ७ | श्री शान्ति निम्न माध्यमिक विद्यालय | ४ | | | 4 | | | 4 | | | 1 | 284 | 317 |
| ८ | श्री राघवेन्द्र निम्न माध्यमिक विद्यालय | २ | | १ | 6 | | | 5 | | | 4 | 244 | 227 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ९ | श्री राष्ट्रिय जनजागृती आधारभुत विद्यालय | ६ | | | 5 | | | 5 | | | 2 | 193 | 200 | |
| | | | १० | श्री सिद्दार्थ आधारभुत विद्यालय | ७ | | | 5 | | | 5 | | | 5 | 226 | 250 | |
| | | | ११ | श्री आधारभुत विद्यालय | ६ | | 1 | 4 | | 1 | 4 | | 1 | 3 | 338 | 358 | |
| | | | १२ | श्री सिताराम आधारभुत विद्यालय | ५ | | | 3 | | | 3 | | | 2 | 179 | 138 | |
| | | | १३ | श्री रघुनाथ आधारभुत विद्यालय | १ | | | 2 | | | 2 | | | 2 | 108 | 123 | |
| | | | १४ | श्री जनता आ. विद्यालय | ५ | | | 2 | | | 2 | | | 2 | 223 | 243 | |
| | | | १५ | श्री किसान आ. विद्यालय | ३ | | | 3 | | | 3 | | | 2 | 154 | 158 | |
| | | | १६ | श्री दा.उ. सिद्धिकिया आ. वि. | ८ | | | 2 | | | 2 | | | 1 | 151 | 162 | |
| | | | १७ | श्री जनसेवा आ. वि. | ४ | | | 2 | | | 2 | | | 1 | 314 | 313 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | श्री ज्योति आ. वि. | ८ | | | 2 | | | 2 | | | 2 | 158 | 224 |
| १९ | श्री लोकतान्त्रिक आ.वि. | २ | | | 1 | | | 1 | | | 1 | 141 | 165 |
| २० | श्री सरस्वति आ.वि. | ८ | | | 2 | | | 2 | | | 2 | 218 | 293 |
| २१ | श्री पशुपति शिक्षा मन्दिर आ. वि. | ५ | ० | ० | ० | | | | | | | 341 | 403 |
| २२ | श्री गौतमबुद्ध आ. वि. | ७ | ० | ० | ० | | | | | | | 198 | 206 |
| २३ | श्री हिरा पिंगल आ. वि. | २ | ० | ० | ० | | | | | | | 162 | 170 |
| २४ | श्री बच्चालाल आ. वि. | ७ | ० | ० | ० | | | | | | | 134 | 154 |
| २५ | श्री जनप्रिय आ. वि. | १ | ० | ० | ० | | | | | | | 115 | 98 |
| २६ | श्री गौशिया मिसवाहुल आ. वि. | ६ | ० | ० | ० | | | | | | | 294 | 339 |
| २७ | अहले सुन्नत फैजुल उलुम चिस्तिया प्राथमिक विद्यालय | ७ | ० | ० | ० | | | | | | | 44 | 46 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

| | | | | | | | | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| २८ | मदरसा दारुत्तालिम पकडी | १ | ० | ० | ० | | | | | | | 156 | 178 |
| २९ | मदरसा अबुबकर अल सिद्बिकि रजवापुर | १ | ० | ० | ० | | | | | | | 177 | 172 |
| ३० | मदरसा नूरुल उलुम पोखरभिटवा | ४ | ० | ० | ० | | | | | | | 257 | 264 |
| ३१ | अनवारुल उलुम मदरसा | ४ | ० | ० | ० | | | | | | | 92 | 125 |
| ३२ | मदरसा नुरुल इस्लाम भावपुर | २ | ० | ० | ० | | | | | | | 51 | 66 |
| ३३ | दारुल उलुम अहले सुन्नत हिदायतुल इस्लाम | २ | ० | ० | ० | | | | | | | 197 | 326 |
| ३४ | मदरसा नुरुल उलूम | २ | ० | ० | ० | | | | | | | 81 | 126 |
| ३५ | मदरसा फैजानेरजा गौसुल उलुम | ५ | ० | ० | ० | | | | | | | 75 | 69 |
| ३६ | मदरसा रजातुल अत्फाल भैसैया | ६ | ० | ० | ० | | | | | | | 74 | 85 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३७</td><td>अरबिया अहले सुन्नत मदरसा</td><td>७</td><td>०</td><td>०</td><td>०</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>105</td><td>96</td></tr>
<tr><td>३८</td><td>मदरसा नुरुतौहिद बसन्तपुर</td><td>३</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>98</td><td>116</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>13</td><td>15</td><td>80</td><td>13</td><td>14</td><td>77</td><td>9</td><td>7</td><td>50</td><td>7364</td><td>7877</td></tr>
</table>
दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४२</td><td>२५७</td><td>२०७९-३-२५</td><td>
जिन्सी आम्दानी नजनाएको<br><br>
सामुदायिक विद्यालयमा फर्निचर व्यवस्थापनको लागि रू. १० लाख विनियोजन भएकोमा भोले बाबा फर्निचर उद्योगबाट रू. ९९४४००।- मा खरिद गरिएका डेक्स बेन्च सेट ८ वटा विद्यालयहरूलाई वितरण गरेको छ । सम्बन्धित विद्यालयमा बुझाएको भर्पाइ पेश भए पनि हस्तान्तरण फारम पेश भएको तर विद्यालयमा जिन्सी आम्दानी गरी दाखिला गरेको पाइएन । हस्तान्तरण फारम तथा जिन्सी अभिलेख पेश हुनु पर्ने रू
<table>
<tr><th>सि.नं.</th><th>विद्यालय</th><th>संख्या</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>अनिरुद्ध पब्लिक मा.वि., बैदौली</td><td>२०</td><td>११३००</td><td>१८०८००</td></tr>
<tr><td>२</td><td>वासुदेव जनता मा.वि. पुर्निहवा</td><td>१६</td><td>११३००</td><td>११३०००</td></tr>
<tr><td>३</td><td>कृष्ण धार्मिक मा. वि. वसन्तपुर</td><td>१०</td><td>११३००</td><td>११३०००</td></tr>
</table>
</td><td>९९४,४००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>ने.रा. मा.वि तितिर्खा</td><td>१०</td><td>११३००</td><td>९०४००</td></tr>
<tr><td>५</td><td>सिद्धार्थ आधारभूत मा.वि. इटवा</td><td>८</td><td>११३००</td><td>९०४००</td></tr>
<tr><td>६</td><td>आधारभूत आ.वि. पुर्निहवा</td><td>८</td><td>११३००</td><td>९०४००</td></tr>
<tr><td>७</td><td>पशुपति शिक्षा मन्दिर आ.वि. सुठौली</td><td>८</td><td>११३००</td><td>९०४००</td></tr>
<tr><td>८</td><td>जनप्रिय आ.वि. तितिर्खा</td><td>८</td><td>११३००</td><td>२२६०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८८</td><td></td><td>९९४४००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ</td><td></td></tr>
<tr><td>४३.१</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रु.१५२१६०००।- मध्येबाट कृषि सडक र कुलो निर्माण र पाईपालाईन निर्माण कार्यमा खर्च भएको छ । सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रु.१२५०७३०७।- खर्च भएको देखिन्छ । रोजगार कार्यक्रममा आवद्ध हुनको लागि ९४८ जनाले निवेदन दिएकामा जम्मा ३२६ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकका ८ वटा वडा मध्ये ७ वटा वडामा यो कार्यक्रम संचालन भएको जानकारी गाँउपालिकाले दिएको छ । ७ वटा वडामा सञ्चालित कार्यक्रममा ३२६ जनालाई दैनिक ५७७ को दरले अधीकतम १०० दिन रोजगारी दिएको पाइयो ।यसरी कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन ।</td><td></td></tr>
